लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित
जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल साप्ताहिक

MYAGDI NEPAL WEEKLY
www.erupse.com

वर्ष ७, अंक १४ २०८२ कार्तिक १४ गते शुक्रबार (Friday 31 October 2025) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

"होटल जोमसोम प्राइड"
जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६

मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

# स्वास्थ्य संगै पर्यटन प्रवर्द्धनका लागि सिंगा तातोपानी

अमृत बास्कुने




स्वास्थ्योपचार सँगै पर्यटन बिकासका लागि पनि निकै राम्रो मानिने बेनी नगर पालिका-४ सिंगा तातोपानी कुण्डमा असोज महिना लागे सँगै होटल तथा होमस्टेहरू भरिभराउ हुने गर्दछन् । वर्षमा सबै भन्दा थोरै असार साउन र भदौ महिनामा पर्यटक तथा बिरामीहरू आउने तातोपानी कुण्डमा असोज लागे सँगै स्नानका लागि आउनेहरूको संख्या आकासिने गर्दछ । तातो पानी कुण्डमा स्नान गरेर रोग निको पार्ने मात्रै नभएर आफ्नो थकान मेटाउने तथा पर्यटन प्रवर्द्धनका लागि पनि महत्वपूर्ण छ यो कुण्ड ।

म्याग्दी सदरमुकाम बेनी देखि पश्चिम तर्फ ९ किलो मिटरको दुरीमा रहेको सिंगा तातोपानी कुण्डमा स्नानका लागि देशका विभिन्न ठाउँका मानिस मात्रै नभएर विदेशीहरू पनि आउने गरेको तातोपानी कुण्ड व्यवस्थापन समितिको तथ्यले देखाउने लेखापाल रमेशबहादुर कार्कीले बताउनुभयो । उहाँका अनुसार गत आर्थिक वर्षमा तातोपानी कुण्डमा स्नानका लागि नेपालका ६० भन्दा बढी जिल्ला तथा बिदेशबाट पनि आएका थिए । गत वर्ष कोरिया, जापान, पोल्याण्ड, भारत, रसिया, इजरायल, युक्रेन र स्कटल्याण्डका नागरिक समेत आएका थिए । गत वर्षको साउन महिनामा तीन सय ३८, भदौमा चार सय ८८, असोजमा एक हजार तीन सय ३२, कार्तिकमा दुई हजार तीन सय ७४, मंसिर मा एक हजार चार सय १८ र पुस महिनामा एक हजार तीन सय २४ जनाले तातोपानी कुण्डमा स्नान गरे का थिए । त्यसैगरी माघमा दुई हजार आठ सय ९०, फागुनमा तीन हजार सात सय एक, चैतमा चार हजार छ, बैशाखमा एक हजार दुई सय ९२, जेष्ठमा आठ सय ५७ र असारमा तीन सय २७ गरी कुल २० हजार तीन सय ४७ जना बिर ामीहरूले कुण्डमा स्नान गरे का थिए ।

चालु आर्थिक वर्षको साउनमा तीन सय ४९, भदौ मा चार सय ७४ र असोज महिनामा करिब तीन हजार बिरामीहरूले तातोपानीमा आएर नुहाएको तातोपानी कुण्ड व्यवस्थापन समितिका टिकट काउण्टरका कर्मचारी राजेन्द्र बानियाँले जानकारी दिनुभयो ।

कुण्डमा नुहाउनका लागि आर्थिक वर्ष २०८०/०८१ मा १९ हजार चार सय तीन, ०७९/०८० मा १८ हजार दुई सय ५८, आ.व. ०७८/०७९ मा १० हजार नौ सय २०, ०७७/०७८ मा सात हजार छ सय ९१ बिरामीले स्थान गरेका थिए । कोभिड १९ को कारणले भएको लकडाउनको समयमा आ.व.७७/७८ मा साढे सात हजार भए पनि अन्य समयमा भने बिरामीको चाप उल्लेख्य रहेको तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काले जानकारी दिनुभयो ।

गत आर्थिक वर्षको तथ्याङ्क हेर्दा सबै भन्दा

बाँकी पाँचौं पृष्ठमा

नेशनल ड्रग सेन्टर
पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा
अस्पताल चोक, बेनीमा
प्रत्येक महिनाको चौंथो शनिबार

डा. हेमा छन्त्याल
स्त्री तथा प्रसुतीरोग विशेषज्ञ

महिला सम्बन्धी सम्पूर्ण समस्याहरू जस्तै तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, योनी चिलाउने, महिनावारी गडबडी हुने तथा रगत धेरै बग्ने, गर्भवती सम्बन्धी समस्या तथा गर्भवती जाँच, बाझोपनको उपचार तथा परामर्श, पिसाब पोल्ने, पिसाब छिटो छिटो लाग्ने, आङ खस्ने तथा खस्ला जस्तो हुने एवम् पाटेघरका अन्य समस्याहरु भएकाहरुले विशेषज्ञ मार्फत नै सेवा लिने मौका नछुटाउनु होला ।
साथै सोही दिन पाठेघरको मुखको पानी जाँच (Pap smear) गरिन्छ ।

डा. गोविन्द राज पाण्डे
जनरल फिजिसियन

ग्यानो गोला, ग्याष्ट्रिक, अल्सर, दम, खोकी, निमोनिया, जण्डिस, मुटु भड्किने, ब्लड प्रेसर घटबढ हुने, पिसाब बढी लाग्ने (सुगर रोग), थाइराइड रोगका बिरामीहरुले समयमै सम्पर्क गरी स्वास्थ्यलाभ लिनुहुन अनुरोध गर्दछौं ।

डा. दिपक बगाले
वरिष्ठ रेडियोलोजिष्ठ

म्याग्दी जिल्लामै अत्याधुनिक भिडियो एक्सरे मेसिन मार्फत् पेट सम्बन्धी रोगहरु: कलेजो, पित्तथैली, मृगौला, फियो, पिसाव थैली प्रोस्टेट, एपेन्डिक्स लगाएतका अंगहरुमा हुने सुन्निने, पत्थरी पर्ने, पिप जम्ने, गिर्खा आउने ट्यूमर पलाउने क्यान्सर जस्ता धेरै रोगहरु पत्ता लगाउन सकिन्छ । साथै पाठेघरको अवस्था, गर्भमा रहेको भ्रुणको स्थान, उमेर, जुम्ल्याह भए नभएको, भ्रुणको समय अनुसार हुनुपर्ने विकास भए नभएको तथा गर्भावस्थाको पाँचौ महिनामा (१८ देखि २२ हप्ता) गरिने जाँच Anomaly Scan मार्फत् भ्रुणको शारीरिक बनोटको विस्तृत अध्ययनबाट जघन्य खोटहरु पत्ता लगउन सकिन्छ । थाइराइड, स्तन, अन्डकोष, माशपेशी र रक्तनलीको भिडियो एक्सरे द्वारा जाँच गरी रोगहरु पत्ता लगाउन सकिन्छ ।

९८५७६२४३५३-शम्भुराज पाण्डे, ९८६७६२९४२४-अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८
- दैनिक रूपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा
अग्रिम बुकिङको पनि व्यवस्था छ ।
२०८२ कार्तिक २२ शनिबार

प्रो.पुर्ण गौचन ९८५७६३०२७८
होटल हिलभ्यू, थकाली भान्साघर
पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९
पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादिलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

सम्पादकीय

## मुख्य चाडका बिदाइ

नेपाल बहुजाति, बहुभाषा र बहुधार्मिक देश हो, तर यहाँको सामाजिक र सांस्कृतिक मूलधार हिन्दु धर्ममा गहिरो रूपमा जोडिएको छ। वर्षभरि हिन्दु धर्मावलम्बीहरुले असंख्य पर्व र उत्सव मनाउने गर्छन्, तर साउनदेखि मंसिरसम्मको समयलाई मुख्य चाडपर्वको मौसम मानिन्छ। यस अवधिमा दशैं, तिहार, छठ, हरिबोधिनी एकादशी, बाला चतुर्दशी पर्दछन् । धार्मिक, सांस्कृतिक र सामाजिक वातावरणलाई अत्यन्तै रमाइलो र उल्लासमय बनाइदिन्छ। अहिले यी प्रमुख पर्वहरु करिब बिदाइ भइसकेका छन्। अब नयाँ साल अर्थात् अको वर्षको आगमनसँगै फेरि ती पर्वहरुको पर्खाइ सुरु हुनेछ । नागपञ्चमी देखि शुरु भएको चाडबाडको सिलसिला दशैं, तिहार, छठ पछि अब केही हद सम्म कम भएको छ। तर हरि बोधिनी एकादशी तथा बाला चतुर्दशी भने आउन बाँकी नै छ । यी पर्वहरु केवल धार्मिक अनुष्ठान मात्र होइनन्, समाजको एकता, पारिवारिक प्रेम र परम्परागत मूल्यको पुनःस्मरण हुन्। जब यी पर्वहरु सकिन्छन्, समाज फेरि आफ्नो दैनिकी र कामकाजमा फर्कन्छ। खेतबारी, विद्यालय, कार्यालय सबै पुनः सक्रिय बन्छन्। यही कारणले पनि मानिसहरु भन्छन् अब चाडबाड सकिए, अर्को साल मात्रै आउँछन्। यो वाक्य केवल भनाइ होइन, नेपाली समाजको एउटा भावनात्मक प्रतिबिम्ब हो – जसले खुशी, थकान, सन्तुष्टि र नयाँ प्रतीक्षाको मिश्रित अनुभूति जनाउँछ।

हिन्दुहरुको सबैभन्दा ठूलो पर्व दशैंमा दुर्गा देवीको शक्तिपूजासँगै असत्यमाथि सत्यको विजयको सन्देश दिइन्छ। यो पर्वले परिवार, नातेदारी र मिलनको वातावरण सिर्जना गर्छ। धेरै नेपालीहरू आफ्नो जन्मभूमिमा फर्केर परिवारसँग टीका-जमरा ग्रहण गर्छन्। यही बेला गाउँघरमा चहलपहल, हासोखेल र भेटघाटले मनमा नयाँ उमंग ल्याउँछ। तर जब दशैं सकिन्छ, त्यो चहलपहल क्रमशः घट्दै जान्छ। दशैंको समाप्तिपछि आउने तिहारलाई प्रेम र उज्यालोको पर्व भनिन्छ। घरघरमा दीप बालिन्छ, रंगोली बनाइन्छ, देउसीभै लो खेलिन्छ, र भाइटीकाले दिदी-बहिनी र दाजुभाइबीचको सम्बन्ध अझ सुदृढ हुन्छ। तर तिहार सकिएपछि ती उज्याला बत्तीहरू मद्धम हुँदै जान्छन् र गाउँ-शहर पुनः शान्त बन्छ। त्यो क्षणले मानिसलाई सम्झाउँछ कि जीवनका उज्याला पलहरू अस्थायी छन्, र तिनको सम्झना नै जीवनको मिठास हो। तराई क्षेत्रमा मनाइने छठ पर्व पनि हिन्दुहरुको प्रमुख धार्मिक अनुष्ठान हो। सूर्य देवताको आराधनाको यो पर्वले मेहनत, श्रद्धा र शुद्धताको प्रतीक प्रस्तुत गर्छ। पानी, माटो र प्रकृतिप्रतिको आस्था यस पर्वमा देखिन्छ। छठ सकिएपछि, तर ाईमा पनि चहलपहल घट्छ, र जनजीवन सामान्य बन्दै जान्छ। हरिबोधिनी एकादशीको दिन भगवान विष्णु योगनिद्राबाट जाग्रत हुने धार्मिक विश्वास छ। यो दिनले चातुर्मासको समाप्ति जनाउँछ र विवाह-उत्सव जस्ता शुभ कार्य सुरु गर्न अनुमति दिन्छ। तर यो पर्वपछि हिन्दु धर्मावलम्बीका मुख्य चाडहरु क्रमशः अन्त्यतिर पुग्छन्। त्यसपछि आउने बाला चतुर्दशी– मृत्यु स्मरण र पुनर्जन्मको प्रतीक पर्व हो। यसपछि भने वर्षको धार्मिक चक्र पुरा भएको अनुभव हुन्छ। जब चाडबाड सकिन्छ, नेपाली समाजको दैनिकी फेरि नियमित बन्छ। गाउँमा किसानले गहुँ र जौ रोप्ने तयारी गर्छन्, शहर मा विद्यार्थी र कर्मचारीले पुनः आफ्नो अध्ययन र काममा ध्यान दिन थाल्छन्। बजारको चहलपहल घट्छ, धार्मिक ध्वनि र रंगहरू सुस्ताउँछन्, र मानिसहरू भन्छन् अब अको साल मात्रै दशैं-तिहार आउँछ। तर यो अवधि केवल अन्त्य होइन, नयाँ सुरुवात पनि हो। चाडबाडका क्रममा सिकिएका मूल्य, परिवारको न्यानोपन, धार्मिक अनुशासन र सामाजिक एकताको अभ्यास वर्षभरि जीवनमा प्रयोग गर्ने अवसर पनि यही बेला हुन्छ। यी सबै पर्वहरूले एउटा गहिरो सन्देश दिन्छन् । जीवन अस्थायी छ, तर आस्था र परम्परा अमर छन्। चाडपर्व केवल नाचगान र भोजभतेरको कुरा होइन, यसले मानिसलाई परिवार, समाज र प्रकृतिप्रतिको कर्तव्य सम्झाउँछ। दशैंले संघर्ष र विजयको सन्देश दिन्छ, तिहारले प्रेम र उज्यालोको, छठले श्रद्धा र प्रकृतिप्रतिको आस्थाको, र हरिबोधिनी एकादशीले सहिष्णुता र पुनर्जागरणको।

# अराजकता, अस्थिरता र अफबाह






सन्तोष रावल

देश बिषम परिस्थितिबाट गुज्रिरहेको छ। भाद्र २३ र २४ गतेको घटना अगाडि र पछाडि धेरै कुरा परिवर्तन भएका छन् । हाम्रो पुस्ताले खास गरि २०४६ सालको जनआन्दोलन पछि धेरै घटनाक्रमहरु देखे को छ र भोगेको छ । यस बीचमा २०४६ सालको जनताको बलिदानीपुर्ण संघर्षले पञ्चायत फालेर बहुदल ल्याउने काम भयो। जसको जगमा २०४८ सालको आम निर्बाचनबाट हामीले नेपाली कांग्रेसको ने तृत्वमा जननिर्बाचित सरकार को अनुभुति गर्न पायौं। ३ बर्ष मै अर्थात २०५१ मा मध्यवती निर्बाचन भयो र नेकपा (एमाले) ले अल्पमत को सरकार बनायो। २०५२ मा तत्कालिन नेकपा (माओबादी) सशस्त्र द्वन्दबाट सत्ता कब्जा गर्ने रणनीतिका साथ भुमिगत भयो। त्यो समय देखि आज सम्म हामीले स्थिर सरकार प्राप्त गर्न सकेका छैनौं। २०५८ जेष्ठ १९ मा राजा बिरेन्द्रको बंश नास हुने गरि घटना घटाईयो। २०५९ माघ १९ गते पछि राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नो हातमा लिए। यो दिनलाई ने पालको ईतिहासमा लोकतन्त्रको हरण भएर मुलुक प्रतिगमनको बाटोमा अगाडी बढेको दिनका रुपमा स्मरण गर्ने गरिन्छ।

२०६२/०६३ को १९ दिने जन आन्दोलनबाट राजा फालेर मुलुकलाई अग्रगमन तर्फ डोर्‍याउने काम नेपालका तत्कालिन ७ राजनीतिक दलले गरे। फल स्वरुप २०६४ साल चैत्रमा नेपालको ईतिहासमा पहिलो पटक संबिधानसभाको निर्बाचन भयो। तत्कालिन ने कपा (माओबादी) को नेतृत्वमा सरकार त बन्यो तर त्यो स्थिर भएन। ६ बर्षमा ५ ओटा सरकार बने तर संबिधान बनेन। २०७० मा पुनः संबिधानसभाको दोस्रो निर्बाचन भयो। यो निर्बाचनबाट संबिधान त बन्यो तर मुलुकले स्थिर सरकार पाएन। सर कार परिवर्तनको शिलसिला यो स्वभाविक मात्र थिएन यसमा खास गरी छिमेकी राष्ट्र भारतको नेपाल हेर्ने दृष्टिकोणको उपज पनि थियो। भारत चाहन्छ ने पालमा संधै नियन्त्रीत अस्थिर ता छाओस र त्यसैमा खेल्न पाईयोस।

नेपालमा नयाँ संबिधान जारी हुंदा भारतलाई त्यो चिन्तित बुझेको थिएन। फलस्वरुप उसले अघोषित नाकाबन्दी गर्‍यो । नेपालका ठुला पार्टी र त्यसका नेता, भारतीय एजेण्ट र ठुला मिडियाहरुले नाकाबन्दीलाई नाकाबन्दी भन्न सकेनन् तर तत्कालिन सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले नाकाबन्दीको खुलेर प्रतिबाद गरे। उनले त्यती मात्र गरेनन् चाईना संग पारवहन संझौता पनि गरे र नेपालको गुमे को भुभाग लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालकै भुभाग हुन भनेर भारतसंग चुनौती दिदैं नेपालको नक्सामा उक्त भुभागलाई समावेश गर्ने काम गरे। यसबाट केपी ओली संग भारत झन बिच्कियो र पार्टी भित्र र बाहिरबाट षड्यन्त्रका तानाबाना बुन्न थालियो। प्रचण्ड सांसदमा अबिश्वसको प्रस्ताब लगेर ओलीलाई प्रधानमन्त्रीबाट हटाउने खेलमा लागे तत्कालिन प्रतिपक्ष पार्टीलाई पनि सरकार मा जान हतार भईरहेको परिपे क्षमा भारत संग कम्फरटेबल चाहनेहरु मिलेर तत्कालीन सरकार ढाल्ने काम भयो। अदालतको परमादेशले तीनै कम्फरटेबलहरुको नेतृत्वमा सर कार निर्माण भयो। यो काममा तत्कालिन नेकपा (एमाले) का २२ जना सांसदहरुले देउबालाई प्रधानमन्त्री बनाउन ह्वीप नै उल्लंगन गरेर भोट नै हाले बृहत एकताले बनेको कम्युनिष्ट पार्टी ३ चीरा पर्‍यो। त्यसदिन देखि मुलुक अस्थिरताको ठुलो भुमरीमा फस्यो। अदालतले पार्टी अलग गरिदिएपछिको माओबादी कथित अध्यादेशले बनेको समाजबादी र नेपाली कांग्रेस एक ठाउंमा लागेर एमाले का बिरुद्धमा लागे।

सांसद बिघटनको बिषयलाई मुद्धा र मसला बनाएर गएका यी पार्टीहरुको सोचे अनुशार को परिणाम आउन सकेन भने एमाले एक्लै लड्दा सांसदमा ७८ सीट ल्यायो। कांग्रेसका शेरबहादुर देउबा माओबादीका प्रचण्ड मध्ये को प्रधानमन्त्री बन्ने बिषयमा कुरा नमिले पछि प्रचण्ड ओलीको शरणमा गए। सरकार बनेको ४ महिना पुरा नहुंदै फेरि देउबाको शरणमा गए। १४ महिनाको सहकार्य पछि फेरि ओली संगै मिल्न आए। म्यजिकल नम्बर देखाएर पाँचै बर्ष प्रधानमन्त्री बन्न खोजेका प्रचण्डले म बाँचे सम्म नेपालमा उलथ पुलथ भईरहन्छ भन्न पनि भ्याए। यो चरित्रलाई अहिलेका नव युवाले मन पारेनन् नै यसरी जाँदा झन अस्थिरता हुन्छ भन्ने ठहर गरेर २ ठुला पार्टी मिलेर केपी ओलीको नेतृत्वमा सरकार निर्माण भएपछि बिभिन्न भ्रमहरु छर्न थालियो। माओबादी र रास्वपाले भ्रष्टचारको फाईल खोल्न लागेपछि सरकार ढालियो भन्दै सस्तो प्रचारमा लागे। सर कारमा हुंदा किन केहि नगरेको? सरकार १० दिन पछि ढल्दैछ। १ महिना पछि ढल्दैछ। दशैं दे ख्न पाउंदैन आदि आदि। यसले नेपलको राजनीतिमा भारतको अदृष्य हस्तक्षेप रहेको पुष्ठी पनि भयो। अस्थिरताले जनमानसमा राजनीति प्रति बिकर्षण बढायो। सरकारले गरेका राम्रा कामको कहिल्यै प्रचार भएन भने साना साना प्रविधिक बिषय बनाएर सरकार माथी परिचालित मिडियाहरु मार्फत आक्रमण शुरु भयो। कुलमानलाई हटाउनु एउटा प्रबिधिक बिषय थियो भने रवी लामिछानेको अदालत कै बिषयलाई पनि राजनीतिक प्रतिशोध भन्दै प्रचार गरियो।

भ्रष्टचार अन्त्य र सुशासनका लागि सरकारले अध्यादेश मार्फत कुनै पनि मन्त्रालयमा सेवाग्राहीको फाईल एक हप्ता भन्दा बढी अड्काउन नपाईने भन्दा त्यसको सकर ात्मक न्युज नजानु। नागढुंगा र सिद्धबाबा शुरुङ्ग मार्ग ब्रेक थ्रु भयो भन्दा त्यसको पनि राम्र प्रचार नहुनु। सरकारले थालेका कामलाई पहिला सिध्याउने भनेर कतिपय गौरवका र ठुला आयो जनाहरुमा बढी भन्दा भढी बजेट छुट्याउंदा त्यसको पनि सकर ात्मक न्युज नजानु हुंदा हुंदा टि यु क्रिकेट मैदानाको तीव्र गतीको काममा पनि गलत न्युज मार्फत भ्रम छर्ने काम भयो तर कर्मचारी सरुवा बढुवा न्युजले बढी माईलेज पाउनु पनि एउटा दुःखद बिषय हो। मानौ कि के हि मिडियाहरु सरकारले के नर ाम्रो काम गर्छ र सनसनीपुर्ण खबर बनाएर जनतालाई भ्रमित पार्न सकिन्छ भनेर ढुकेरै बसे को पनि पाईयो। सरकारले के हि नयाँ गर्न खोज्दैथ्यो तर बिभिन्न अफबाह र भ्रम फैं लाएर नव युवाहरुलाई शीर्ष ३ नेता माथी नै अबिश्वासको ठुलो खाडल तयार गरियो। ने ताहरुले स्वार्थका लागि जे पनि गर्छन भन्ने युवाहरुलाई पर्न थाल्यो। यसैलाई मसला बनाएर बिभिन्न युट्युब र अनलाईनहरुले बिभिन्न काण्ड जोडेर नेताहरुलाई खुईल्याउने काम गरे। गिरीबन्दु, वाईड बडी, ओम्नी, यती, ललिता निवास, भुटानी शरणार्थी, ३३ किलो सुन र क्यान्टोनमेन्ट आदि। मानौ कि उनीहरुको मिडिया हाउस अदालत हो र सम्पादकहरु त्यहांका न्यायाधीश हुन। आरो प जसलाई पनि लाग्न सक्छ तर आरोप मिथ्या हो या प्रमाणीत हो भन्ने निर्णय सुनाउने ठाउँ अदालत हो भन्ने कुरा नव युवाहरुलाई बुझाउन नसक्नु अर्को दुःखद पक्ष हो।

राजनीतिक दलहरुको आफ्नै आयश्रोत हुंदैन, सदस्यता लेबीबाट जति हुन्छ त्यसले खर्च धान्दैन। चुनाबमा हुने खर्चमा बिश्वका हरेक पार्टीहरुले ब्यबसायीबाट चन्दा लिने नै हो। त्यो चाहे रास्वपाले गत चुनाबमा बिभिन्न देशमा र कम संकलन गरेको होस या बालेन हर्कहरुलाई बिभिन्न ब्यबसायीहरुले सहयोग गरेको होस, यही धरातलीय यथार्थमा सबै चुनाब लडेका हुन। अब यसलाई नै भ्रष्टाचार मान्ने कि नमान्ने? नेपालमा बिना खर्च चुनाब लडेर जितेको उदाहरण सायद छैनन् होला। यदि ने ताहरुको कार्यशैली प्रति प्रश्न हुन भने ती जायज छन तर सबैलाई एकै ठाउँमा राखेर मुल्यांकन गर्नु त्यो अनुचीत हुन्छ। आफ्नो शेष पछि आफ्नो सम्पुर्ण सम्पती राज्यको नाममा गर्ने ब्यक्ति र कसैको अडियो भिडियोमा सम्बाद बाहिरिंदा आएका न्युजका बिषयहरु पुर्णत फरक हुन।

अहिलेको सरकारले माथी उल्लेखीत काण्डहरुको सत्य तथ्य छानबिन गरोस। दोषी भए कारबाही सिफारिस गरोस। निदो श भए जनतालाई भनिदिओस

बाँकी पाँचौं पृष्ठमा

# बिमा क्षेत्र विश्वसनीय क्षेत्र हो : त्रिपाठी

*बिमा क्षेत्र भनेको अर्थतन्त्रको एउटा महत्वर्पर्ण हिस्सा हो । यस क्षेत्रमा व्यक्ति, व्यवसाय, वा संस्थाले आफ्नो आर्थिक जोखिमलाई घटाउने उद्देश्यले बिमा कम्पनीसँग सम्झौता गर्छन् । बिमा प्रणालीको र्मल सिद्धान्त भनेको साना-साना रकमहरु (प्रीमियम) जम्मा गरेर ठंलो क्षतिर्पितिको जिम्मेवारी बाँड्ने भन्ने हुन्छ । अर्थात्, भविष्यमा कुनै आकस्मिक घटना (जस्तै, मृत्यु, दुर्घटना, आगलागी, स्वास्थ्य समस्या, सम्पत्तिको हानि) भएमा बिमा कम्पनीले बिमित व्यक्तिलाई आर्थिक राहत दिन्छ । नेपालमा बिमा क्षेत्रलाई दुई भागमा विभाजन गरिएको छ । जीवन बिमा र निर्जिवन बिमा । जीवन बिमा भनेको व्यक्तिको जीवनसँग सम्बन्धित जोखिमको सुरक्षा गर्ने हो । यदि बिमित व्यक्तिको मृत्यु वा निश्चित अवधिपछि बाँचिरहेको अवस्थामा पनि, उसले वा उसका आश्रितले निश्चित रकम पाउँछन् । जीवन बिमा एउटा आर्थिक सुरक्षा कवच हो जसले परिवारलाई कठिन परिस्थितिमा पनि आर्थिक स्थायित्व दिन्छ । जीवन बिमा किन आवश्यक छ भने परिवारको आर्थिक सुरक्षा यसको*



*मुख्य पाटो हो । बिमित व्यक्तिको मृत्यु भएमा परिवारको दैनिक खर्च, शिक्षा, घर, वा अन्य आवश्यकताका लागि रकम उपलब्ध हुन्छ । बचत र लगानी दुबै यो क्षेत्रको सकारात्मक पाटो हो । जीवन बिमा केवल सुरक्षा होइन, दीर्घकालीन बचतको माध्यम पनि हो । त्यसैले अवधि र्पुरा भएपछि रकम ब्याजसहित फिर्ता पाइन्छ । जीवन बिमाले आकस्मिक घटनामा सहयोग गर्दछ । जस्तो की अकस्मात् मृत्यु वा अशक्तताजस्ता घटनामा बिमा रकमले तत्काल आर्थिक राहत दिन्छ । यो एक प्रकारको आर्थिक अनुशासन पनि हो । यसमा नियमित प्रिमियम तिर्नु भनेको नियमित बचत गर्ने बानी बसाल्नु हो, जसले भविष्यका लागि यो जना बनाउन सहयोग गर्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने जीवन बिमा गर्नेहरूले कर छुट पाउने व्यवस्था समेत रहेको छ । जीवन बिमा प्रिमियममा लगानी गरे कर छुट पाउने सुविधा पनि छ । त्यसैगरी जीवन बिमाको म्याद र्पुरा भएपछि प्राप्त हुने रकमले वृद्धावस्थामा आर्थिक सहयोग गर्छ । खासमा बिमा क्षेत्रले समाजमा जोखिम व्यवस्थापन र आर्थिक स्थायित्व ल्याउने काम गर्छ । त्यसकैं एक महत्वर्पर्ण हिस्सा जीवन बिमा हो, जसले व्यक्तिको मात्र होइन, परिवार र सर्म्पर्ण समाजको आर्थिक सुरक्षामा यो गदान पुर्‍याउँछ । यसै सन्दर्भमा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स गण्डकी प्रदेश प्रमुख बिनोद त्रिपाठी संग अमृत बास्कुनेले गर्नुभएको कुराकानीको सम्पादीत अंश यहाँ प्रस्तुत गरीएको छ ।*

*प्रश्न : नेपालको बीमा क्षेत्र विगतमा कस्तो अवस्थामा थियो भनेर तपाई कसरी मूल्यांकन गर्नुहुन्छ? बीमा व्यवसाय प्रारम्भिक चरणदेखि अहिलेको अवस्थासम्म आइपुग्दा कस्ता परिवर्तन देख्नुभयो?*

उत्तर : नेपालमा बीमा व्यवसाय सुरूवातको इतिहास त्यति लामो त छैन यद्यपी परम्परागत रूपपा समूहिक सुरक्षाका हिसावले कार्य भएको पाइन्छ । विगतमा नेपालमा साक्षरता दर कम हुनु, औद्योगीक विकासको अवस्या प्राविधिक विकासको अवस्था नै प्रारम्भीक अवस्थामा रहेको अवस्थामा वीमा व्यवसाय पनि सानो दायरामा थियो । हाल विमाको दायरा पनि वढेको छ र डिब्जिटाइजेसन अझ सजिलो बनाएको छ भने बिमा साक्षरता पनि क्रमिक रुपमा बढेको छ । जीवन बीमाको क्षेत्रको कुरा गर्दा आर्थिक वर्ष २०७९/८० मा १४२ अर्ब २०८०/८१ मा १५९ अर्ब र २०८१/८२ मा १८३ अर्व कुल बिमा शुल्क संकलन भएको छ । कम्प्युटराइज प्रणालीको विकासले बिमामा सहजताका साथै विश्वसनियता पनि वृद्धि भएको छ ।

*प्रश्न : वर्तमान समयमा नेपालमा जीवन बीमा व्यवसायको अवस्था कस्तो छ? जनचेतना, प्रतिस्पर्धा र नियमनका दृष्टिले के परिवर्तन आएको छ?*

उत्तर : वर्तमान अवस्थामा जीवन बिमा व्यवसायको वृद्धिदर पद्दो क्रममा नै छ । जीवन विमाको कभरेज पनि करीर ४८% प्रतिशत जनसंख्यामा पुगेको आँकडा छ । नियमक निकाय बिमा ऐन २०७९ र बिमा नियमावली २०८१ जारी भई तत्वकालीन बिमा समिती हाल नेपाल बीमा प्राधिकणमा रूपान्तरण भएको छ । बिमा व्यवसायलाई वैज्ञानिक र व्यवस्थापनका लाग़ि कानुनी नीति निर्माण तथा निर्देशिका जारी भएका छन् । हाल नेपाल बीमा प्राधिकरणले प्रत्येक प्रदेशमा प्रादेशीक कार्यालय संचालन गरि प्रत्यक्ष नियमन तथा बिमा प्रवर्द्धन कार्य गर्दै आएको पाइन्छ । साथै यसले विमित अभिकर्ता र कम्पनिका समस्या समाधानमा समेत सहजीकरण गर्दै आएको छ । विमितलाई विमकको वा विमालेखको दुविधा प्रति चित नबुझेमा उजुर गर्ने पहिलो निकाय नेपाल बिमा प्राधिकराण हो ।

नेपाल जनसंख्या रोजगारीको तथा आम्दानी स्तर आदिको हिसाबले जीवन वीमा कम्पनी धेरै भयो भन्ने

बाँकी चौथो पृष्ठमा


भाका, भुल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो, इन्द्रै बिन्ती गरुन झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ।
राजा, रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो, आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ।।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
२०१४ जेठ ०६ गते

स्व. तीर्थ कुमारी श्रेष्ठ

स्वर्गारोहणः
२०८२ कार्तिक ०८ गते

अपाङ्ग संघ म्याग्दीका संस्थापक अध्यक्ष, बेनी सामुदायिक माध्यमिक विद्यालय, बेनीका पूर्व प्रधानाध्यापक एवम् म्याग्दी जिल्लाका शैक्षिक धरोहर, अपाङ्ग संघ म्याग्दीको अध्यक्ष हुँदा यस धवलागिरी माध्यमिक विद्यालयमा संचालित बहिरा स्रोत कक्षा सञ्चालनका लागि अतुलनिय सहयोग गर्नु भएकी तीर्थ कुमारी श्रेष्ठको यहि २०८२ कार्तिक ८ गते भएको असामयिक निधनले हामी स्तब्ध छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि भगवानसंग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

लक्ष्मीदेवी श्रेष्ठ
श्रोत शिक्षक

भुवनप्रसाद रेग्मी
प्रधानाध्यापक

अणबहादुर खड्का
वि.व्य.स अध्यक्ष

धवलागिरी माध्यमिक विद्यालय
तथा बहिरा श्रोत कक्षा परिवार
बेनी नगरपालिका–४, सिंगा, म्याग्दी

## बिमा क्षेत्र......

कुरा विज्ञहरूले बताएको पाइन्छ । हाल १४ पटा जीवन बीमा कम्पनी बीच प्रतिस्पर्धा रहेको पारन्छ । जासको कारण बीमा योजना, अभिकर्ता प्रोत्साहन तथा कार्यकममा प्रतिस्पर्धा हुनुका साथै अभिकर्ताहरू विच पनि प्रतिस्पर्धा रहेको छ ।

*प्रश्न : आगामी दशकमा नेपालमा बीमा व्यवसायको भविष्य तपाई कसरी देख्नुभयो? डिजिटल प्रविधि, जनसांख्यिकीय परिवर्तन र आर्थिक विकासले बीमा बजारमा कस्तो प्रभाव पार्नेछ?*

उत्तरः. पक्कै पनि विकायको क्रम सँगै धेरै क्षेत्रको सम्भावना बढेर जान्छ । विशेष गरि प्रविधीको बीमा सेवामा सुविधा र कष्टुमरलाई सहजता हुने भएकोले सकारात्मक प्रभाव पार्नेमा बिवस्त छु । बिगतमा फाइलहरु तथा जुन शाखबाट सेवा लिएको सोही शाखाबाट सुविधा लिनु पने बाध्यता, ढड्डा पल्टाउनु पर्ने बाध्यताबाट रूपान्तरण भइ हरेक शाखावाट कम्पुटर प्रणाली वाट सेवा पाउन सकिने भएको छ भने आफ्नो मोवाइल बाट विमा शुल्क तिर्नुमिल्ने आफ्नो बिमाको जानकारी लिन मिल्ने व्यवसथा भएको छ । अब मोबाइलबाटै सुविधा लिन मिल्ने सुविधाको पनि थालनी हुनु लागेको छ ।

*प्रश्न : सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले अन्य कम्पनीहरुसँगको प्रतिस्पर्धामा आफूलाई कसरी फरक र सक्षम बनाएको छ? सेवा, प्रविधि, नीति वा ग्राहक सन्तुष्टिका कुन पक्षमा तपाईहरुको बल देखिन्छ?*

उत्तरः सानिमा रिलायन्स लाइक इन्स्योरेन्स लि. ले आफूलाई प्रतिस्पर्धी र व्यवसायीक बनाउनका लागि ग्राहकको सन्तुष्टी र सुविधालाई ध्यानमा राखेर न्यूनतम विमा शुल्कमा उत्कृष्ट बीमा योजना बजारमा लिएर आएको छ । विमा व्यवसाय दिर्घकालीन व्यवसाय भएकाले हामी दिर्घकालीन सन्तुन्टी र सेवामा समर्पित छौं ।

*प्रश्न : प्रदेश स्तरमा, विशेषगरी गण्डकी प्रदेशमा सानिमा रिलायन्सको उपस्थितिलाई कसरी विस्तार गर्न खोजिँदैछ? ग्रामीण तथा शहरी क्षेत्र दुवैमा कम्पनीको पहुँच र योजनाबारे बताउनुहोस्?*

उत्तरः नेपालभरी तथा प्रदेश भरी नै आफ्नो उपस्थिती वढाउनका लागी शाखा विस्तार व्यवसायिक अभिकर्ताको सृजना, तालिम तथा सचेतनामा वृद्धि, ग्राहक केन्द्रीत सेवामा ध्यान दिएर हाम्रो उपस्थित बढाउन प्रयासरत छौ । विशेष गरी नेपालभर बीमा साक्षरताका कामी भएको छ भन्ने बहस चलिरहेको बेला हामीले हाम्रा शाखा तथा समुदायमा बिमा सचेतना कार्यक्रम तथा अभिकर्ता आधारभूत तालिमलार्य प्राथमिकता दिएका छौं ।

*प्रश्न : बीमा क्षेत्रमा अझै पनि जनस्तरमा अविश्वास वा बुझाइको कमी देखिन्छ, त्यसलाई तोड्न तपाईहरुको रणनीति के हो? शिक्षा, प्रचार र ग्राहकसम्बन्धी सेवामा के नयाँ पहल भइरहेका छन् ?*

उत्तरः बीमा क्षेत्रमा पनि अन्य विभिन्न विधामा जस्तै चेतनाको कमी रहेको पाइन्छ । यसलाई व्यवस्थित गर्नका लागी सबै सरोकारवाल संस्था, सरकार र जनसमूदायको पनि उत्तिकै चासो र भूमीका हुन्छ जस्तो मलाई लान्छ । वर्तमान परिपेक्षमा विमा अपरिहार्य र आधारभूत आवश्यक भएकोले यस भित्रका कमी कमजोरीलाई हटाएर तथा व्यवस्थापन गर्नु वाहेक अरू विकल्प छैन ।

*प्रश्न : सानिमा रिलायन्सले आफ्नो उत्पाद तथा योजनामा नयाँ पुस्ता र प्रवासी नेपालीलाई लक्षित गरेर के नयाँ कार्यक्रम ल्याएको छ?*

उत्तरः सानिमा रिलायन्समा युवाहरुलाई अवसरको रूपमा मूलतः प्रत्यक्ष रोजगारी, व्यवसायीक अभिकर्ता पेशा, तथा उत्कृष्ट बीमा योजना खरिद गरि आफ्नो आर्थिक सुरक्षा र भविष्यको लागी बचत जस्ता अवसर छ । विमा क्षेत्रमा क्षमतावान तथा बिमा सम्वन्धी शिक्षा तथा ज्ञानको कमिले आज उपयुक्त कर्मचारी छनोटमा सबै कम्पीले समस्या भगेका छन् । साथै सानिमा रिलायान्को विदेशमा लामो अवधि कमाई होला नहोला भनेर अल्पकालीन लगानी गरी दिर्घकालिन बोनस तथा सुरक्षाका लागि सिमिति भुक्तानी सावधिक बिाम योजना प्रस्तुत गरेको छ ।

*प्रश्न : नेपालको बीमा बजारमा नियामक संस्थाका हालका नीति तथा निर्देशनहरुलाई तपाई कसरी मूल्यांकन गर्नुहुन्छ? तिनले बजारमा पार्ने प्रभावबारे के सोच्नुहुन्छ?*

उत्तर : विमा व्यवसायलाई व्यवस्थित, मर्यादित र अनुशाशित रुपमा संचालनका लागी नियमक निकाय नेपाल बीमा प्राधिकरण रहेको छ। साथै विमा ऐन २०७९ र बिमा नियमावली २०८१ सहित विभिन्न निर्देशिका मार्फत प्रत्यक्ष नियमन गरी व्यवसित गरिएको छ। निश्चय नै नियमक निकायका नीति, निर्देशनले प्रत्यक्ष रूपमा प्रभाव पार्दछ। नियमकका भापदण्ड छ नियमले व्यवसाय कम भएपनि व्यवस्थित र नियम संगत व्यवसाय गर्नु नै पर्छ, सिस्टम, बिधिमा, पद्धतिमा रहेर काम गरेमा दिर्घकालीन रूपम बिमा कम्पनि विमित, समाज र राज्य सबैलाई राम्रो हुने हो । त्यसैले नै नियमकको आवश्यकता अपरिहार्य भएको हो ।

*प्रश्न : गण्डकी प्रदेशमा आर्थिक गतिविधि, पर्यटन र उद्यमशीलता बढ्दै छ यस्तो अवस्थाले बीमा बजारमा कस्तो अवसर सिर्जना गरेको छ? सानिमा रिलायन्सले यी क्षेत्रमा कसरी सहभागिता जनाइरहेको छ?*

उत्तर : गण्डकी प्रदेशमा उध्यमशीलता तथा पर्यटन व्यवसाय लगायत औधोगीक र व्यवसायीक विकास भएमा यो क्षेत्रमा आर्थिक गतिविधी वढनुका साथै प्रतिव्यक्ति आम्दानी पनि वृद्धि हुन्छ । आर्थिक स्तर सुधार संगै सम्भावित आर्थिक क्षतिको सुरक्षाको लागी बीमा अपरिहार्य हुन्छ। यसले विमा व्यवसाय विस्तारमा सकारात्मक प्रभाव पार्छ। यस क्षेत्रको एउटा महत्वपूर्ण संस्था भएको हिसाबले सानिमा रिलायन्सले यस क्षेत्र सँग सम्बन्धीत मानिसको आर्थिक जोखिमको सुरक्षा तथा बचतमा योगदान गर्दै आएको छ ।

*प्रश्न : अन्त्यमा, आगामी पाँच वर्षमा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सलाई तपाई कहाँ देख्न चाहनुहुन्छ?कम्पनीको दीर्घकालीन लक्ष्य र आम ग्राहकलाई दिन चाहनु भएको सन्देश के हो?*

उत्तर : म कार्यरत यस कम्प्फीलाई नेपालको एउटा वेन्चमार्क कम्पनीको रूपमा देख्न चाहान्छ। यसका लागी हजारौं अभिकर्ता, कर्मचारी, म्यानेजमेन्ट टिम लगाएत सम्पूर्ण विमितको साथ र सहयोगले आज जुन स्थानमा छौ आगामी दिनमा अझ प्रखरित रूपमा अगाडी बढ्ने छौं । यस कम्पनिको मुख्य लक्ष्य उत्कृष्ठ प्रणालि तथा पद्धति सहित ग्राहकको सेवा र सन्तुष्टी प्रीति समर्पित भई ग्राहकको पहिलो रोजाइको कम्पनिको रूपमा देख्न चाहन्छु ।


भाका, भुल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो, इन्दै बिन्ती गरुन झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ।
राजा, रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो, आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ।।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
२०१४ जेठ ०६ गते

स्वर्गारोहणः
२०८२ कार्तिक ०८ गते

स्व. तीर्थ कुमारी श्रेष्ठ

बेनी सामुदायिक माध्यमिक विद्यालय, बेनीका पूर्व प्रधानाध्यापक एवम् म्याग्दी जिल्लाका शैक्षिक धरोहर तीर्थ कुमारी श्रेष्ठको यहि २०८२ कार्तिक ८ गते भएको असामयिक निधनले विद्यालय परिवार स्तब्ध भएका छौं । यस दुखद घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सुखावती भुवनमा बास होस् भनि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि भगवानसङ्ग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

दीपक श्रेष्ठ
प्रधानाध्यापक

बालकृष्ण आचार्य
अध्यक्ष, शि. अ. संघ

रमेश कुमार श्रेष्ठ
अध्यक्ष, वि.व्य.स.

एवम्

बेनी सामुदायिक माध्यमिक विद्यालय परिवार
बेनी बजार, म्याग्दी



सार्वजनिक सम्पत्तीको संरक्षण गरौं, अतिक्रमण नगरौं,
सार्वजनिक सम्पत्तिकको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

समयमै व्यक्तिगत घटना दर्ता गरौं
व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीकालागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेदलगायतका घटनाहरु ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।

थासाङ गाउँपालिका
कोबाङ, मुस्ताङ



फोहोरमैला व्यवस्थापनसम्बन्धी
अत्यन्तै जरुरी सूचना !
कुहिने र नकुहिने फोहोरलाई घरबाटै छुट्याएर सुरक्षित रुपमा विसर्जन गर्ने बानी बसालौं । प्लाष्टिक र सीसाजन्य वस्तुको प्रयोग घटाऔं, वातावरण सफा र स्वस्थ राखौं ।

जलजला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामाखेत पर्वत



सार्वजनिक सम्पत्तीको संरक्षण गरौं, अतिक्रमण नगरौं,
सार्वजनिक सम्पत्तिकको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

समयमै व्यक्तिगत घटना दर्ता गरौं
व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीकालागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेदलगायतका घटनाहरु ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।

घरपझोङ गाउँपालिका
जोमसोम, मुस्ताङ

## अराजकता......

सत्य के हो? यसरी गोलमटोल कुरा गरेर मान्छेको चरित्र हत्या गर्ने काम बन्द होस। यही विषयबाट युवाहरुलाई जुन दिग्भ्रमित पारिएको छ, युवाहरु स्वभावैले परिवर्तनका सम्वाहक हुन, भोलिको देश उनीहरुकै हो। उनीहरुले सरकारलाई खबरदारी गर्नु, न्यायको पक्षमा आवाज उठाउनु अत्यन्तै उपयुक्त हो।

भाद्र २३ र २४ गतेको घटनामा पनि जेनजीको नाममा युवाहरु आन्दोलनको माध्यमबाट भ्रष्टचारको अन्त्य, सुशानको पक्षमा र सामाजिक संजाल बन्दको विरुद्धमा आवाज उठाउन सडकमा आए। हुन त सामाजिक संजाल बन्दको अन्तर्य अहिले को सरकारले बिस्तारै बुझ्दैछ र बाहिर बसेर कराए जस्तो सजिलो सरकार संचालन हुंदो रहेनछ भन्ने कुरा त प्रधानमन्त्री र मन्त्रीहरुले आजभोलि बोल्ने बाक्यांसले पनि प्रष्ट हुन्छ। तर उनीहरु जे सोचेर सडकमा आए आन्दोलन पहिले नै हाईज्याक भएको र गैर जेनजीहरुको घुस पैठले गर्दा जे नहुनुपर्ने थियो त्यो भयो। अर्थात अनाखमा सर्वसाधारणको ज्यान गयो। आन्दोलनको एउटा नियम हुन्छ आन्दोलनकारीहरु निषेधित क्षेत्र प्रवेश गर्न खोज्छन तर प्रहरीले निषेधाज्ञा तोडेर अगाडि बढे गोली चलाउने सम्मको आदेश पाएका हुन्छन्। निषेधित क्षेत्र तोडेर अगाडि बढ्दा ज्यानै जान सक्ने भयले आन्दोलनकारीहरु सकेसम्म अगाडि बढ्दैनन् तर त्यहाँ त्यसो भएन । त्यस दिन सुरक्षाले राम्रो गृहकार्य गर्न सकेन। जम्मा एक लाईन ब्यारिगेट राखेर आन्दोलनकारीलाई रोक्न खोज्नु मुर्खता सावित भयो। जसले गर्दा आन्दोलन नबुजेका युवाहरु ब्यारिगेट तोडेर मात्र अगाडि बढेनन् प्रहरीलाई लखेट्न शुरु गरे। त्यो भीडमा आन्दोलनलाई उत्तेजित बनाउने तप्काले सायद पहिलो गोली चलाएको हुनुपर्छ त्यसैले भीडमा प्रहरीले गोली चलाउंदा निर्दोष युवाहरुको ज्यान गुम्यो। न त्यो दिन असली जेनजीहरु गलत कार्य गर्न उद्धत थिए न भोली पल्ट २४ गते के दिन गलत गर्ने कुरामा अगाडि थिए। त्यहां त षड्यन्त्रको तानाबाना बुनिएको थियो। अघिल्लो दिन सरकारले दमन गर्‍यो भन्ने बनाएर भोली पल्ट सिंहदरबार देखि राज्यका सम्पती र दल र व्यवसायीका सम्पती जलाउने योजना थियो। महानगरले नजिकै रहेको सिंहदरबार, सर्वोच्च अदालतमा दमकल नपठाउँदा र आर्मीले तत्काल कदम नचल्दा राज्यलाई ठुलो नोक्सान भएको छ। त्यसैले यो ठुलै तयारी र योजनाले घटना घटाईएको छ। तत्कालिन प्रधानमन्त्री चीन भ्रमणबाट फर्किदा नफर्किदा यो घटना घट्नुले प्रष्ट बुझ्न सकिन्छ कि भारत र अमेरिकाले एम्बेसी र एनजिओ मार्फत सरकार ढलाउने योजना सहित आन्दोलन गराउने खर्च देखि सबै चाँजो पाँजो मिलाएको हुनुपर्छ। तर जे भए पनि जसरी भएपनि पुरानो सरकार ढल्यो र नयाँ सरकार बन्यो। नयाँ सरकार बन्दाखेरी जस जसलाई प्रधानमन्त्री र मन्त्री बनाईयो, यो पनि योजनाबद्ध थियो। बजारमा सर्वत्र बहसमा आएको एन जि ओ र एम्बेसी अर्थात २ "ए" दौडधुपले प्रमाणीत भयो कि यो सरकार बिदेशीले बनाईदिएको हो। जे होस जेनजी आन्दोलनको जगमा बनेको यो सरकार माथी अहिले नै टिप्पणी गर्न हतार होला तर सरकारको अग्नी परीक्षा शुरु भईसकेको छ।

लेखक नेकपा एमालेका नेता हुनुहुन्छ ।

## पर्यटन......

धेरै बागलुङ जिल्लाबाट आउने गरेको देखिन्छ । त्यस्तै दोश्रोमा म्याग्दी र तेश्रोमा कास्कीका नागरिकहरू तातोपानी कुण्डमा आउने गरेको तथ्याङ्कले देखाउँछ ।

तातोपानी क्षेत्रमा साना ठूला २० भन्दा धेरै होटल रहेको र ती होटलहरू अहिले भरिभराउ रहेका तातोपानीका स्थनीय वासिन्दा इश्वरसिंह केसीले जानकारी दिनुभयो । यो सिजनको समय भएकोले पाहुनाहरूले आफै पकाएर खाने र बस्नका लागि घरका कोठाहरू पनि पाउन मुस्किल भएको उहाँको भनाई छ ।

व्यवसायीका अनुसार तातोपानीमा हाल बास बस्ने पाहुनाहरूको संख्या दैनिक एक हजार पाँच सय जनाको हाराहारीमा छ । असोज देखि बैशाख महिना तातोपानी कुण्डमा स्नान गर्ने याम हो भने असार साउन र भदौ महिना खास गरी तातो पानीका लागि अफ सिजन हो ।


तातोपानी कुण्ड व्यवस्थापन समितिका सचिव अम्मरबहादुर खत्री (कुमार) ले स्नान गर्न आउनेहरूको चाप बढेकाले बिहान साढे पाँच बजेदेखि साँझ पाँच बजेसम्म महिला, पुरूषको छ वटा समूह बनाएर स्नानको व्यवस्था मिलाइएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो –महिला र पुरूषको छुट्टा छुट्टै समूह बनाएर दुई दुई घण्टाका दरले स्नान गर्ने व्यवस्था मिलाइएको छ । म्याग्दी नदीको किनारमा प्राकृतिक रूपमा बिरेनुनको गन्ध आउने ५० डिग्री सेल्सीयस तापक्रममा निस्कने तातोपानीलाई संकलन गरेको पोखरीमा स्नानको व्यवस्था मिलाइएको छ । बिरेनुनको गन्ध आउने पानी संकलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, वाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वास छ ।

तातोपानी संकलन गरिएको तलाउमा १० दिन स्नान गर्न प्रतिव्यक्ति तीन सय ५० शुल्क तिर्नुपर्छ । प्रवेश शूल्कको १३ प्रतिशत सरकारलाई कर र २५ प्रतिशत बेनी नगरपालिकालाई बुझाउने गरिएको छ ।

कुण्डमा स्नानका लागि आएकाहरूबाट प्रवेश शुल्क बापत गत आर्थिक वर्षमा ७१ लाख २१ हजार चार सय ५०, आर्थिक वर्ष २०८०/०८१ मा ६७ लाख ६१ हजार ५० र आ.व २०७९/०८० मा ६३ लाख ६० हजार तीन सय रुपियाँ तातोपानी कुण्डले संकलन गरेको थियो ।

तातोपानी कुण्डको एकिन इतिहास नपाइए पनि तातो पानी क्षेत्रमा बस्ती बिस्तार नहुँदै वडार तथा पौवाहरूमा बास बस्दै नुहाउनका लागि म्याग्दी, पर्वत, बागलुङ लगायतका क्षेत्रबाट आउने गरेको पाइन्छ ।

# साप्ताहिक राशीफल




मिति :- २०८२/०७/१४ देखि २० सम्म

**मेष - Aries** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
मिहिनेत गर्दा साता फलदायी रहनेछ। काममा विभिन्न अवसर प्राप्त भइरहनेछन्। रोकिएका काम बन्नेछन् र नयाँ काम थालनी हुनेछ। तारिफयोग्य कामले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ। नोकरी तथा राजनीतिमा नयाँ अवसर प्राप्त हुनेछ। विशिष्ट व्यक्तिसँग निकटता बढ्नेछ। व्यापार बढ्नेछ। आम्दानीका स्रोत बढ्नुका साथै प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ। सोखले मालमत्ता जोड्न प्रेरणा प्रदान गर्नेछ। सप्ताहान्तमा भने खर्चिलो काम गर्नुपर्ने अवस्था आउन सक्छ। लामो यात्रा सम्भावना छ।

**वृष - Taurus**(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)
प्रारम्भमा अस्वस्थताका बाबजुद कामको बोझ बढ्नेछ। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ। काममा पनि उल्झन आउने देखिन्छ। वादविवादबाट टाढै रहनुहोला। र, अनुकूल समय प्रतीक्षा गर्नुहोला। बुधवारदेखि रोकिएका काम सम्पादन हुनेछन् र अड्किएको रकम पनि प्राप्त हुनेछ। व्यापार बढ्नाले मनग्य धनलाभ हुनेछ। रोकिएको काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। लगनशीलताले समस्या सुल्झाउन सकिनेछ। पहिलेका चुनौती पार लाग्नेछन्। सप्ताहान्तमा आयआर्जन सबल हुनेछ।

**मिथुन - Gemini** (का, कि, कु, घ, ङ, छ, के, को, ह)
परिस्थिति रमाइलो देखिए पनि काममा नसोचेको उल्झन आउनाले समस्या पर्न सक्छ। ईर्ष्यालु मन भएकाहरुले दुःख दिनेछन्। मंगलबारसम्म शारीरिक वा मानसिक रुपमा केही कमजोर भइनेछ। अर्थअभावले चिताएको काम रोकिन सक्छ। बुधवारदेखि स्थितिमा सुधार आउनेछ। रोकिएका काम क्रमशः सम्पादन हुनेछन्। पेसा–व्यवसायमा राम्रै उपलब्धि प्राप्त हुनेछ। सप्ताहान्तमा तारिफयोग्य कामको यश लिने सौभाग्य प्राप्त हुनेछ। शुभचिन्तकहरुले साथ दिनेछन् र भविष्यका लागि कर्मनिश्चय गर्न सकिनेछ।

**कर्कट - Cancer** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
साताको प्रारम्भ उत्साहवर्धक रहनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्त हुनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरू हुन सक्छ। थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ। नयाँ काम गर्ने अवसर जुट्न सक्छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। स्रोत–साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ। सप्ताहान्तमा स्वास्थ्य कमजोर हुनाले काम रोकिन सक्छ। अप्ठ्यारो पर्दा एक्लो भइनेछ। तापनि पछिका लागि केही लगानी गर्ने अवसर प्राप्त हुनेछ।

**सिंह - Leo** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
अध्ययनको लगावले व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। पुरुषार्थी काम गर्दै अप्ठ्यारा चुनौतीहरुलाई पन्छाउने समय छ। शत्रुहरुलाई तह लगाउन सकिनेछ। मेहनतले प्रतिस्पर्धामा जित दिलाउनेछ। आँटले लक्ष्यमा पुर्याउन सक्छ। भौतिक साधन जुट्नुका साथै दिगो काम प्रारम्भ हुनेछ। पेसा–व्यवसायमा मनग्य फाइदा हुनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ। रमाइलो यात्रा गर्ने साइत जुर्न सक्छ। तर, सप्ताहान्तमा भने आफ्नो क्षेत्राधिकार संकुचित बन्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला।

**कन्या - Virgo** (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
सुरुमा घरेलु समस्या देखापर्न सक्छन्। अरुको बहकाउले भ्रममा परिनेछ। अध्ययनमा बाधा हुनेछ। अवसरका लागि नियम मिचेर अघि बढ्नुपर्ने अवस्था आउन सक्छ। आफ्ना कमजोरी बाहिरिने हुँदा अरुले मौकाको फाइदा उठाउन सक्छन्, सजग रहनुहोला। बुधवारदेखि स्थितिमा सुधार आउला। मिहिनेत गर्दा धेरैलाई उछिन्न सकिनेछ। आँटले काम बनाउन सकिनेछ। लगनशीलताले गुमेको प्रतिष्ठा दिलाउन सक्छ। उत्तरार्द्धमा पेसा–व्यवसायमा प्रगति हुनेछ। प्रियजनसँगको भेटघाटले मन उत्साहित हुनेछ।

**तुला - Libra** (र, रि, रू, रे, रो, ता, ति, तु, ते)
प्रयत्न गर्दा राम्रै उपलब्धि हातलागी हुनेछ। उद्योग र व्यापारमा फाइदा हुनेछ। सञ्चित कर्मफल प्राप्त हुनाले नयाँ कर्म गर्न उत्साह जाग्नेछ। चिताएका काम सजिलै सम्पादन हुनेछन्। मंगलवारपछि भने घरेलु तथा पारिवारिक समस्यामा अलमल हुनेछ। अनावश्यक साइनो गाँस्नेहरुबाट सतर्क रहनुहोला। मिहिनेतले पहिलेका कमजोरीमा सुधार ल्याउन सकिनेछ। सप्ताहान्तमा सामाजिक कार्यको लगावले सम्मानित स्थान दिलाउन सक्छ। अध्ययनमा प्रगति हुनेछ। तारिफयोग्य काम गर्दै नाम र दाम हातपार्न सकिनेछ।

**वृश्चिक - Scorpio** (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
मिहिनेत गर्दा साताभरि विभिन्न अवसर प्राप्त भइरहनेछन्। अध्ययनले उचाइको मार्ग अवलम्बन गर्नेछ। रोकिएका काम बन्नेछन् र नयाँ काम थालनी हुनेछ। तारिफयोग्य कामले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ। नोकरी तथा राजनीतिमा नयाँ अवसर प्राप्त हुनेछ। मिहिनेतले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ र सावधानीले जोखिम टर्नेछ। सामाजिक कार्यले सम्मानित स्थान दिलाउनेछ। सप्ताहान्तमा घरायसी समस्याले अल्झाउन सक्छ। पहिलेका सहयोगी टाढिन सक्छन्। केही सावधानीसाथ काममा जुट्नुहोला।

**धनु - Sagittarius** (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)
प्रारम्भमा रमाइलो भेटघाट हुनेछ। आफन्त र साथीभाइसँग बसेर स्वादिष्ट भोजनको आनन्द लिन सकिनेछ। सोमवार र मंगलवार रोकिएका काम बन्ने, विवाद सुल्झने र आम्दानी बढ्ने सम्भावना छ। विरोध गर्नेहरुसँग वादविवादमा नफस्नुहोला। बुधवारदेखि व्यवसायमा सुधार आउनेछ। तर बलभन्दा बुद्धिको उपयोगले काममा छिटो सफलता प्राप्त हुनेछ। पहिले विरोध गर्नेहरुले नै काममा साथ–सहयोग जुटाउनेछन्। हिम्मतले काम बन्नेछ र गुमेको धन पुनः प्राप्त हुनेछ। सप्ताहान्तमा साथीभाइ टाढिन सक्छन्।

**मकर - Capricorn** (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)
खर्चिलो काम थाल्नाले साताको प्रारम्भमा अर्थअभावले सताउनेछ। दौडधुपमा अधिक समय बित्नेछ। आफ्नो हक–भोगमाथि अरुले दाबी गर्नेछन्। प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। आम्दानी र खर्चको सन्तुलन बिग्रन सक्छ। बुधवारदेखि स्थितिमा सुधार आउनेछ। अध्ययनमा प्रगति हुनेछ भने व्यवसायले उचाइको मार्ग अवलम्बन गर्नेछ। आँटले काम सम्पादन हुनेछन्। विशिष्ट व्यक्ति भेट्ने मौका जुर्न सक्छ। पेसा–व्यवसायमा मनग्य फाइदा हुनेछ। सहयोगीहरु जुट्नाले रोकिएको काम सम्पादन हुनेछ।

**कुम्भ - Aquarius** (गु, गे, गो, सा, सि, सु, से, सो, द)
प्रारम्भमा आयस्रोत सबल बन्नेछ र पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ। चिताएका धेरै काम सम्पादन हुनेछन्। तर मंगलवारपछि अनियन्त्रित खर्च पनि हुनेछ। बेसुरमा रकम बाहिरिनाले अर्थअभाव देखा पर्नेछ। अनायासै काममा बाधा पुग्न सक्छ। नजिकका साथीभाइ टाढिनेछन्। तापनि, टाढाका साथीभाइसँग सम्बन्ध विस्तार गर्न सकिनेछ। सप्ताहान्तमा स्थितिमा सुधार आउनाले प्रतिष्ठित कामको अवसर प्राप्त हुनेछ। विशिष्ट व्यक्तिहरु नजिकिनेछन्। आफन्तको सहयोग जुट्नेछ र मानसम्मान पाइनेछ।

**मीन - Pisces** (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
प्रारम्भमा एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। साथीभाइबाट काममा सहयोग मिल्नेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिसँग निकटता बढ्न सक्छ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। आम्दानीका स्रोतहरु बढ्नेछन् भने मनग्य धन संग्रह गर्न सकिनेछ। पछिसम्म फाइदा हुने काम सुरू गर्ने समय छ। पेसा–व्यवसायमा मनग्य फाइदा हुनेछ। सप्ताहान्तमा भने अनावश्यक किनमेलमा खर्च बढ्न सक्छ। होसियार नबन्दा काममा बाधा पुग्नेछ। अरुका लागि धन खर्च हुन सक्छ।

# सातको तस्बीर




**फोटो क्याप्सन :-**
१) बेनी नगरपालिका ४ तातोपानी कुण्डमा स्नान गर्दै । यस कुण्डमा स्नान गरेमा छाला सम्बन्धी रोग, मर्केको बज्रेको तथा ग्यास्टीक लगायतका रोग निको हुने जनविश्वास रहेको छ । यहाँ वर्षमा करिब ३० हजार भन्दा धेरै मानिसहरु नुहाउनका लागि आउने गरेका छन् ।

*तस्बीर : अमृत बास्कुने*








**शीतोष्ण बागवानी विकास केन्द्र**
मार्फा, मुस्ताङ

**यस शीतोष्ण बागवानी विकास केन्द्रको उद्देश्यहरु :**

- शीतोष्ण फलफूलहरुको गुणस्तरिय बिरुवा उत्पादन तथा बिक्री बितरण (स्याउ, ओखर, आरु, आरु बखडा, नास्पाती, खुर्पानी, अंगुर, कागजी बदाम, मिठो चेरी आदी) गर्ने ।
- तरकारीको मूल बीउ उत्पादन तथा बिक्री बितरण (मार्फा रायो, बन्दा, मुला, सलगम, गाजर, स्विस चार्ड, स्थानीय धनिया, आलु आदी) गर्ने ।
- फलफूल तथा तरकारीको प्रशोधित वस्तुहरुको उत्पादन तथा बिक्री बितरण (स्याउ, तथा खुर्पानीको ब्राण्डी, आरु बखडाको वाईन, स्याउको साईडर, जाम आदी) गर्ने ।
- तरकारीको बेर्ना उत्पादन तथा बिक्री बितरण गर्ने ।
- फलफूल बगैचामा अन्तरबालीको रुपमा ताजा तरकारी उत्पादन तथा बिक्री बितरण गर्ने ।
- फलफूल तथा तरकारीको जर्मप्लाज्म संकलन तथा संरक्षण/संम्वर्द्धन गर्ने ।
- बागवानीजन्य फलफूल, तरकारी तथा पुष्प उत्पादनमा प्राविधिक सेवा उपलब्ध गराउने ।
- प्रविधि प्रशारण, उत्पादन तथा प्रर्दशन कार्यक्रमहरु, तालिम, अवलोकन/भ्रमण, फिल्ड अवलोकन आदी ।

(नोट : थप जानकारी चाहिएमा केन्द्रमा आएर अथवा फोन/ईमेल मार्फत प्राविधिक जानकारी लिन सक्नुहुनेछ)
फोन : ०६९-४०००३४ / ईमेल ठेगाना : *thdc.marpha@gmail.com*
वेवसाईट : www.thdcmustang.gov.np








लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशकः अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्कः ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादकः तुलसी सुवेदी